**मिति २०८२ भाद्र ४ गतेको कार्यपालिका बैठकमा पेश हुने प्रस्ताव र पारित हुने निर्णयहरू।**

**प्रस्तावहरू**

१. मोटरबाटो सरसफाईको कोटेसन आह्वानको लागी दर निर्धारण सम्बन्धमा,
२. मोटरबाटो सरसफाई तथा मर्मत सम्बन्धमा,
३. विविध

**निर्णयहरू**

**१.** प्रस्ताव नं. १ माथी छलफल गर्दा धवलागिरी गाउँपालिका क्षेत्रभित्र मनसुनजन्य विपद्का कारण सडक सञ्चालन तथा विपद व्यवस्थापन कार्यका लागि मिति २०८२ असार २८ गतेको कार्यपालिका बैठकबाट दररेट निर्धारण गरी खुल्ला रूपमा कोटेसन पेश गर्न २ पटकसम्म सूचना जारी गर्दा समेत कुनैपनी निर्माण व्यावसायीले दररेट पेश नगरेकोले आ.व. २०८२/८३ को म्याग्दी जिल्लाको जिल्ला दररेटलाई आधार मानी सो मा संशोधन सहित देहाय बमोजिम तोकिएको उपकरणको दररेटलाई आधार मानी आफ्नो दररेट उपलब्ध गराउन पुनः ७ दिने सार्वजनिक सूचना जारी गरी कार्यप्रकृया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।

***देहाय***

| **S.N.** | **सामानको विवरण** | **परिमाण** | **अधिकतम मुल्य प्रति घण्टा (भ्याट बाहेक)** | **Remarks** |
|---|---|---|---|---|
| 1 | Tracked Excavator (150 HP or above) with bocket and breaker | 2 Nos | Rs.5500 | |
| 2 | Wheeled Backhoe Excavator (90 HP or above) | 2 Nos | Rs.2750 | |
| 3 | Tractor | 2 Nos | Rs.1020 | |

२. प्रस्ताव नं. २ माथी छलफल गर्दा श्रावण महिनाको अविरल वर्षका कारण बाटो अवरुद्ध भएकोले अत्यावश्यक सडक सञ्चालनका लागि सिवाङ-मच्छिम-फलियागाउँ-मुना-खोरिया हुँदै लमसुङ सम्म जम्मा ३५ घण्टा बाटो सरसफाई कार्य भएकोले प्राविधिकको नापजाँच, वडास्तरीय अनुगमन प्रतिवेदन र वडाको सिफारिसका आधारमा मिति २०८२ असार २८ गतेको गाउँकार्यपालिकाले तोकेको न्युनतम दररेट कायम हुने गरी मोटरबाटो सरसफाई शीर्षकबाट भुक्तानी गर्ने।

३. विविध अन्तर्गत देहायबमोजिम हुने गरी निर्णय गरियो।

क. गाउँपालिकाको वडा नं. ५ मल्कबाङमा केन्द्रिय विद्युत प्रसारण लाईन नपुगेको र वर्षातको कारण लघु जलविद्युत सञ्चालनमा समस्या आएकोले प्राविधिक नापजाँच गरी आवश्यक मेसिन तथा अन्य मर्मत कार्य अगाडी बढाउन गाउँकार्यपालिको कार्यालयलाई निर्देशन दिने।

ख. वडा नं. ३ मुनामा विद्युत सेवा अवरुद्द हुँदा सेवा प्रवाह गर्न कठीन भएको अवस्थालाई मध्यनजर गर्ने आवश्यक वैकल्पिक उर्जा व्यवस्थापनको लागि प्रकृया अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने।